स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कुनै बेला नेपाली निर्माता हलबाट हुने व्यापारमा मात्र निर्भर थिए। जसले गर्दा फिल्म असफल भए घरबास उठ्थ्यो । तर, पछिल्लो समय विदेश राइट्सबाट निर्माताले राम्रो आम्दानी गरिरहेका छन् । सफल फिल्मको सिक्वेल वा सिरिज भए त झन् प्रदर्शन अगावै लगानी सुरक्षित हुन्छ । यसैले अचेल हलमा फिल्म खासै नचले पनि विदेश राइट्सका कारण निर्माताले ठूलो घाटा बेहोर्नु पर्दैन ।

**आजको विचार...**



पदम न्यौपाने

के...

(दुई पेजमा)

अभिनेत्री पूजा शर्माले बाढी पीडितका लागि निःशुल्क खाना खुवाउने भएकी छन्। उनले ललितपुरको धोबीघाटमा रहेको आफ्नो ट्याग स्पोर्ट लन्च एन्ड बारमा आइतबार निःशुल्क खाना खुवाउने भएकी हुन्। उनले सामाजिक सञ्जालमा एक पोस्टमार्फत निःशुल्क खानाको व्यवस्था गरेको जानकारी दिएकी छन्। निःशुल्क खाना आइतबार बिहान १० बजेदेखि १ बजेसम्म व्यवस्था गरिएको उनले जनाएकी छन्। पूजा अभिनित पछिल्लो फिल्म रावायण प्रदर्शनमा आएको थियो। सुदर्शन थापा निर्देशित फिल्मले व्यवसाय भने राम्रो गर्न सकेन।



❐ वर्ष ३० ❐ अंक ७६ ❐ २०८१ असोज १४ गते सोमबार 30 September 2024, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### आँधीका कारण ६३ को मृत्यु

**(रासस/एएफपी)**

**सेडार की,** असोज १३/अमेरिकामा 'हेलेन' नामक आँधीका कारण पाँच राज्यमा कम्तिमा ६३ जनाको मृत्यु भएको छ । आँधी प्रभावित क्षेत्रमा बिजुली कटौती भएको छ । उद्धारकर्ताले शनिबार विनाशकारी आँधीबाट बेपत्ता भएकाहरुको खोजी प्रयास जारी राखेका छन् । चौथो श्रेणीको आँधीको रूपमा बिहीबार फ्लोरिडामा अवतरण गरेको हेलेन बिस्तारै निष्क्रिय हुँदै उत्तरतर्फ बढेको थियो । अलाबामा, फ्लोरिडा, जर्जिया, नर्थ क्यारोलिना, साउथ क्यारोलिना र टेनेसी गरी छ वटा राज्यमा सँघीय आपतकालीन अवस्था घोषणा गरिएको छ र उद्धारका लागि सँघीय आपतकालीन व्यवस्थापन प्रशासन (फेमा) का ८०० भन्दा बढी कर्मचारीहरू तैनाथ गरिएको छ । हाल 'उत्तर-उष्णकटिबन्धीय चक्रवात' को रूपमा वर्गीकृत गरिएको आँधी ओहायो उपत्यका र मध्य एपलाचियनलाई आइतबारसम्म रहने अपेक्षा गरिएको नेशनल शुरिकेन सेन्टरले जनाएको छ । आँधीजन्य विपत्का कारण दक्षिण क्यारोलिनामा कम्तिमा २४, जर्जियामा १७, फ्लोरिडामा ११, उत्तरी क्यारोलिनामा १० र भर्जिनियामा एक जनाको मृत्यु भएको स्थानीय अधिकारी र सञ्चारमाध्यमले जनाएका छन् ।

## बाढीपहिरो र डुबानको वितण्ड

# मृतकको संख्या एक सय ४८ पुग्यो, ५५ बेपत्ता



**रासस**

**काठमाडौं,** असोज १३/बाढीपहिरो र डुबानमा परी हालसम्म देशभर एक सय ४८ को जनाको मृत्यु भएको छ । बाढी, पहिरोमा परी धादिङमा ३८, ललितपुरमा २२, काठमाडौंमा १६, काभ्रे २९, मकवानपुर सात, सिन्धुपाल्चोक छ, सोलुखुम्बु पाँचथर र भक्तपुरमा पाँच/पाँच जनाको ज्यान गएको गृह मन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीले जानकारी दिए । उनका अनुसार दोलखामा तीन, सिन्धुलीमा दुई, धनकुटा दुई, महोत्तरी दुई, रामेछाप एक, झापा दुई, उदयपुर एक, इलाम एक, सप्तरी एक र नुवाकोटमा एकजनाको मृत्यु भएको छ । जहाँ ५५ जना बेपत्ता भएका छन् । विपदमा परी एक सय एकजना घाइते भएका छन् ।

बाढीपहिरो प्रभावित क्षेत्रमा खोजी र उद्धारका लागि नौ हजार नौ सय ८३ सुरक्षाकर्मी परिचालन गरिएका तथा हालसम्म तीन हजार ६ सय ६१ जनाको उद्धार गरिएको र पहिरोमा परी तीन सय २२ वटा घरमा क्षति र १६ पुल बगाएको सशस्त्र प्रहरी बलले उपलब्ध गराएको पछिल्लो तथ्याङ्कमा उल्लेख छ ।

**पहिरोमा ३ वटा गाडीबाट ३५ जनाको शव निकालियो**

धादिङको धुनिबेंसी नगरपालिका-९ झ्याप्ले खोलामा पहिरोबाट आइतबार मात्रै २१ जनाको शव निकालिएको छ । बिहानैदेखि खटिएको उद्धार टोलीले १७ पुरुष र चार जना महिलाको शव निकालेको हो । हालसम्म पहिरोमा ३५ जनाको शव निकालिएको छ । शनिबार रातिसम्म १४ वटा शव फेला परेकामा थप २१ जनाको शव फेला परेको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी निरीक्षक एवं सूचना अधिकारी प्रह्लाद सिलवालले जानकारी दिए । सडकमाथिबाट खसेको पहिरोमा पुरिएकाको उद्धार कार्य जारी छ । प्रहरीका अनुसार पहिरोमा ना४ख २२७० नम्बरको बस, बा२ख १३४५ नम्बरको माइक्रोबस (जम्बोहाइस) फेला परेको छ । बुटवलबाट काठमाडौं आइरहेको लु १ ज ४५७८ नम्बरको माइक्रोबस (विङ्गर म्यान) शनिबार फेला परेको थियो । अझै अन्य सवारी पनि भेटिनसक्ने आशङ्कामा अहिले पनि उद्धार जारी रहेको प्रहरीको भनाइ छ । पहिरोमा भेटिएका सबै शव परीक्षणका लागि त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्ज पठाइएको प्रहरी निरीक्षक सिलवालले जानकारी दिए । शुक्रबार साँझदेखि त्रिभुवन राजपथको नौबिसे नागढुङ्गा क्षेत्र पहिरो र लेदोले तनावग्रस्त छ ।

**प्रभावितलाई सुरक्षित स्थानमा सारियो**

यस्तै लुम्बिनी प्रदेशमा बाढी र पहिरो प्रभावित एक सय नौ जनाभन्दा बढी व्यक्तिलाई सुरक्षित स्थानमा सारिएको छ । -बाँकी अन्तिम पेजमा...




# पहिरोका कारण अगाहाखोलाका २० घर विस्थापित

**जगदीश भट्टराई**

**पाल्पा(रम्भा),** असोज १३/जिल्लाको रम्भा गाउँपालिका- ३, अगाहाखोलामा माथिबाट झरेको पहिरोका कारण सिंगो बजार जोखिममा परेको छ । शनिबार दिउँसो गएको पहिरोले यहाँको बजार क्षेत्रको वस्ती नै जोखिममा परेका हो । पहिरोका कारण अहिलेसम्म यहाँका २० घर परिवार विस्थापित भएका छन् ।

जोखिममा परेका घर परिवारलाई सुरक्षित स्थानमा स्थान्तरण गरिएको गाउँपालिकाका अध्यक्ष विष्णु भण्डारीले बताए । पहिरोले यहाँका घरहरुमा भेल र लेदो पसेको छ । ठूला -ठूला ढुँगासहितको पहिरो खस्दा बर्तुङ-राम्दी खण्ड समेत लामो समय अवरुद्ध हुन पुग्यो । बन्द भएको सडक शनिबार राती अबेरसम्म पहिरो सफा गरे पछि एकतर्फी सुचारु भएको अध्यक्ष भण्डारीले शित्तलपाटी डटकमलाई जानकारी दिए । उनका अनुसार पहिरोका कारण सडक छेवैमा पार्किङ्ग गरेर राखिएको गाडी समेत पुरिएको थियो । पुरिएको गाडीलाई अहिले बाहिर निकालिएको छ । यस्तै जिल्लाको तानसेन नगरपालिका-५ कैलाशनगरस्थित देउराली नजिकै सुकुम्वासी वस्तिमा पनि पहिरो यहाँका १४ घरहरु जोखिममा परेका छन् । जोखिम न्युनिकरणका लागि वडा कार्यालयको पहलमा प्लाष्टिक र त्रिपाल लगाइएको छ । घर जोखिममा रहेका स्थानीयहरुलाई सतर्कता अपनाउन आग्रह गरिएको वडा कार्यालयले जनाएको छ ।



पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## उद्धार र राहतमा ध्यान देऊ

विहिबारदेखि परेको अविरल वर्षासँगै निम्तिएको विपद्का कारण देशका विभिन्न जिल्लामा ठूलो मात्रामा जनधनको क्षति भएको छ । बाढीपहिरो र डुबानबाट आइतबार विहानसम्म १ सय १२ जनाको ज्यान गएको छ भने ६८ जना बेपत्ता छन् । देशभर कम्तीमा १ सय जना घाइते भएका छन् ।

नेपाल प्रहरी र सशस्त्र प्रहरी बल प्रधान कार्यालयबाट प्राप्त विवरणअनुसार बाढीपहिरो र डुबानमा परी काभ्रेमा ३४, ललितपुरमा २०, धादिङमा १५, काठमाडौंमा १२, मकवानपुरमा ७, पाँचथर र भक्तपुरमा ५/५, सिन्धुपाल्चोकमा ४ र दोलखामा ३ जनाको मृत्यु भएको छ । यस्तै धनकुटा र सोलुखुम्बुमा २/२ जना, रामेछाप, महोत्तरी र सुनसरीमा १/१ जनाको ज्यान गएको छ । २ हजार घर डुबानमा परेका छन् । सडक, पुल, विद्युत्लगायतका संरचनामा समेत क्षति पुग्दा मुलुकका अधिकांश क्षेत्रमा जनजीवन प्रभावित भएको छ ।

वर्षाका कारण भएको क्षतिको यकिन विवरण अझै आइपुगेको छैन । तथापी जति क्षतिको विवरण प्राप्त भएको छ त्यसले नै जो कोहीलाई भावविह्वल बनाएको छ । विपद्ले धेरै मानिसहरूको विचल्ली भएको छ । ठाउँ-ठाउँमा विपत्तिमा परेकाहरूका कारुणिक चीत्कार र दर्दनाक गुहारहरूले सबैलाई दुखी बनाएको छ । आँखै अगाडि मृत्युले मुखमा पुऱ्याएको कारुणिक दृश्य देख्दा सरकार लाचार बनेको प्रष्ट हुन्छ । सरकार हाम्रो साथमा छ भन्ने सान्त्वनाकारी भरोसा पनि जनतामा नहुनु आफैँमा कहालीलाग्दो अवस्था हो । एकातिर पर्याप्त साधनस्रोतको अभाव त छँदै छ अर्कोतिर सरकारी अकर्मण्यता पनि यसमा कम्ती जिम्मेवार छैन । कतै पहिरोले किचिएर, कतै बाढीमा परेर त कतै डुबेर ठूलो संख्यामा जनधनको क्षति हुँदा सरकारको तदारुकता चित्तबुझ्दो छैन । देशमा तीन तहका सरकार छन् । तर, तीन तहका सरकारले विपद्मा आफ्नो तदारुकता देखाउन सकेनन् । यो अत्यन्त दुखको कुरा हो । यतिबेला मृतकका परिवारलाई क्षतिपूर्ति, बेपत्ताहरूको खोजी, घाइतेहरुको उपचार, राहत उपलब्धता र सुरक्षित पुन:स्थापना आवश्यक छ । यसर्थ अब सरकारले तत्काल उद्धार र राहतका कामलाई प्राथमिकताका साथ आगाडि बढाउन ढिला गर्नु हुँदैन ।

## Opinion @ Social Network

कसैलाई जित्ने रहर छैन र कसै सगँ हार्ने मन पनि छैन,
बस आफ्नो बाटोमा हिड्नु छ र आफ्नै पहिचान बनाउनु छ ।
*(अनिशा सारुको फेसबुक स्टाटसबाट www.facebook.com//saru.anisha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# के गतिशिल पाल्पा बनाउन सकिदैन र ?

## यस्ता छन् निजि क्षेत्रले खेल्न सक्ने भूमिका




पाल्पाको पहिचान प्रशासनिक केन्द्र, व्यापारिक केन्द्र र शैक्षिक केन्द्रको रुपमा रहेको इतिहास छ । पाल्पालाई जब राज्यको रुपमा हेरिन्छ एक प्रशासनिक अब्वलता र सवल राज्यको प्रशासनिक केन्द्रको रुपमा रहेको यसको इतिहास छ ।

व्यापारिक इतिहास हेर्दा पश्चिम नेपालका अधिकाशं जिल्लाको व्यापारिक केन्द्र एवं भारत र तिव्वतसँगको व्यापार गर्ने सजिलो मार्गको रुपमा रहेको देखिन्छ । सायद यिनै अवसरले हुन सक्छ भिमसेन थापाले जग्गाको खरिद विक्रि गर्न पाउने आदेश जारी गरे पश्चात काठमाडौबाट विशेषगरी व्यापारीक छवि भएका नेवार समुदाय पाल्पा (तानसेन र तत्कालिन अवस्थामा पाल्पा अधिनश्त रहेको बटौली) आएर व्यापार र विभिन्न व्यवसायमा प्रवेश गरेको पाइन्छ । शिक्षा क्षेत्रमा हेर्ने हो भने त्रिभूवन क्याम्पसले पाल्पा(तानसेन) लाई शैक्षिक केन्द्रको रुपमा स्थापित गराएको देखिन्छ । यसर्थ तानसेनले बलियो र निकै वजनदार इतिहास बनाएको पाइन्छ ।

पाल्पाले आफूलाई हरेक क्षेत्रमा अब्वल प्रदर्शन गरेकै कारण नेपालको पुरानो नगरपालिकाको रुपमा गणना हुने अवसर पनि प्राप्त गरेको थियो । नगरपालिका घोषणा भए पश्चात पाल्पाको विकासमा व्यापारिक क्षेत्रको भूमिका अहम रहदै आएको थियो । केही दशक अगाडिसम्म यो गहन भूमिका र योगदान पनि देखिदै आएको थियो । तर अहिले यो भूमिका र योगदानमा कमी देखिन थालेकोमा चिन्ता हुँदै आएको छ । यसबारे अब निजि क्षेत्र भित्रै गहन समिक्षा आवश्यक देखिन्छ । अहिले विश्वको परिवेश समय र परिस्थिति बदलिदै गएको छ । समाज विकास र व्यापार व्यवसायमा नयाँ प्रविधि एवं प्रक्रिया र अवधारणाले निकै अगाडि आएको छ र यसबाट निकै फरक अवसरहरु प्राप्त भएका छन् । यसै पृष्ठभूमिमा हरेक सरोकारवालाहरुले आफ्ना उद्देश्य र भूमिकामा पनि सोही अनुरुपको अवधारणा निर्माण गर्दै आन्तरिक क्षमतामा पनि विकास गर्न जरुरी भइसकेको छ । हामीलाई प्राप्त अवसरहरुको अधिकतम उपयोगका लागि हामीसँग भएका र सिर्जना भएका अवसरले पहिचान गराएका नयाँ-नयाँ क्षेत्रमा हाम्रो प्रवेश कसरी हुन्छ र कसरी उपभोग गर्ने भन्ने जिज्ञासा उठ्नु पर्दछ र यो स्वभाविक पनि हो । यस लेखमा पाल्पाको निजि क्षेत्रले खेल्ने भूमिका र गर्नै पर्ने पहलका सन्दर्भमा संक्षेपमा चर्चा गर्ने प्रयत्न गरिएको छ ।

विशेषगरी निजि क्षेत्रको प्रतिनिधिमुलक संस्था पाल्पा उद्योग वाणिज्य संघले निर्वाह गर्न सक्ने योगदान र उपलब्ध सम्भावनाका सन्दर्भमा भन्नुपर्दा प्रविधि र परिस्थितीले ल्याएका अवसरको उपयोगका साथै पाल्पामा रहेका ऐतिहासिक र सांस्कृतिक सम्पदा, प्रकृतिले प्रदान गरेको अवसर र शैक्षिक क्षेत्रको अब्वल संस्था एवं स्वास्थ्य संस्थासँगै स्थानीय कला र सिपलाई अब व्यावसायिक ढंगले हेर्न सक्नु पर्छ । यसको आधार भनेको संघको विगत समेत पाल्पाका यी कतिपय क्षेत्रमा प्रत्यक्ष संलग्नता एवं सम्बन्ध समेत रहेको देखिन्छ । यसर्थ उद्योग वाणिज्य संघ पाल्पाले पाल्पाको शिथिल आर्थिक गतिविधिमा गतिशिलता ल्याउन विगतमा निर्वाह गरेको भूमिकाकाको पृष्ठभूमिमा आर्थिक गतिविधिहरुमा आफ्नो गहिरो चासो राख्न जरुरी छ ।

**हिजोको पाल्पा र उवासंघ पाल्पा :**

संघले तानसेनमा शिक्षा स्वास्थ्य र पर्यटनका साथै कुटीर उद्योगको सम्भावनामा निहित नारा पटक-पटक अगाडी सारेको थियो । यसैगरी आव २०५६/०५७ सालको नेपाल सरकारले आफ्नो नीति तथा कार्यक्रममा तानसेनलाई नमूना नगर बनाउने घोषणा गरे जस्तै पटक-पटक पर्यटनको हिलस्टेशन बनाउने घोषणा समेत गर्दै गयो तर यसलाई स्थानीय स्तरबाट वा निजि क्षेत्रबाट अगाडी बढाउने तदारुकता देखाउन सकेन र ती सबै घोषणा घोषणामा मात्र समिति हुँदै आए । पाल्पामा निजि क्षेत्र संस्थागत बनेको इतिहास विस २००९ सालमा पाल्पा व्यापार संघको नामबाट स्थापनाको प्रयास प्रारम्भ भए पनि त्यसले निरन्तरता नपाएपछि पुन: वि.सं. २०१५ सालमा पुनर्जिवित गर्ने प्रयास गरिएको थियो । तर यो संस्थागत पहलले वि.सं. २०२३ सालदेखि निरन्तरता पाएको देखिन्छ । वि.सं.२०३४ सालमा यस संघको भूमिका र उद्देश्यलाई अझ व्यापकता प्रदान गर्न संघको नाम परिवर्तन गरी पाल्पा उद्योग वाणिज्य संघ नामाकरण गरियो । तर वि.सं. २०५० सालमा मात्र संस्था दर्ता ऐन २०३४ अन्तर्गत व्यवसायिक सामाजिक संस्थाको रुपमा दर्ता गरियो र वि.सं. २०५१ सालमा नेपाल उद्योग वाणिज्य महासंघमा आवद्ध भई जिल्लाका उद्योगी व्यवसायीहरुको हितमा पाल्पा उद्योग वाणिज्य संघ क्रियाशील रहँदै आएको छ । जिल्लाको आर्थिक विकासमा साझेदा, उद्यमी-व्यवसायीहरुको प्रतिनिधिमूलक र प्रवर्द्धक, आफ्नै व्यावसायिक सचिवालय सहित सेवा प्रदायक सबल संस्थाको रुपमा विकास गर्ने परिकल्पना अनुरुप संघ क्रियाशिल हुदै आएको छ ।आफ्नो स्थापनाकालदेखि नै संघले व्यापार विस्तार, सदस्यहरुको हितका साथै सामुदायिक विकासमा समेत आफ्नो प्रत्यक्ष संलग्नता देखाउँदै आएको देखिन्छ । शिक्षा, स्वास्थ्य, पर्यटन र कुटीर उद्योग मूल नारा दिई पाल्पाको विकासको गतिलाई अगाडि बढाउने लक्ष्य अनुरुप संघले त्रिभुवन बहुमुखी क्याम्पसको विज्ञान भवन, होस्टेल भवन तथा स्नातकोत्तर कक्षा कोठाको निर्माण गरेको मात्र नभई सि.एम.ए. क्याम्पसको भवन निर्माणार्थ जग्गा खरिद गर्ने कार्यमा महत्वपूर्ण भूमिका र योगदान गरेको थियो । पर्यटन क्षेत्रको विकासमा टेवा पुऱ्याउने कार्यमा समेत अग्रसरता प्रदर्शन गर्नुका साथै तानसेन बजारको खानेपानी समस्या समाधानार्थ विशेष पहल गर्दै सिस्नेमुल खानेपानी योजना अन्तर्गत खानेपानी टंकीहरु निर्माण गर्ने कार्यमा संलग्नता प्रदर्शन गऱ्यो । यसका साथै नगर भित्रका ढुङ्गेधाराबाट खेर गइरहेको पानी संकलन हुने गरी टंकी निर्माण गर्ने कार्यमा पनि सक्रियता प्रदर्शन गरेको थियो । यस्तै कृषि व्यवसाय प्रवर्द्धन र विकासका लागि संघले कृषि व्यवसाय सेवा इकाई स्थापना गरी कृषि उपज बजारको थोक मूल्य सूचनाहरु लगायत आवश्यक सूचनाहरु उपलब्ध गराउने व्यवस्था तथा प्रकाशन तथा प्रसारण गर्दै आईरहेको पनि हो । उल्लेखित प्रयत्न र पहल हेर्दा पाल्पा उद्योग वाणिज्य संघ र स्थानीय बिच विकासमा सरोकार राख्ने विषयहरुमा गहिरो साझेदारी र समन्वयको सम्वन्ध स्थापित गरेको थियो । विशेषगरी तानसेन नगरमा विकास अवधारणा निर्माण र बजेट निर्माणमा समेत उवासंघको अनिवार्य उपस्थिती र सुझावको अपेक्षा गरिन्थ्यो । नगर विकासका लागि समय समयमा संघको आफ्नै अवधारणा सार्वजनिक गर्ने गर्थ्यो । संघकै पहलमा लगानी अभिप्रेरित र व्यवस्थाका लागि पहल गर्ने गरिन्थ्यो । उवासंघले अगाडि सारेका प्रस्तावहरुमा स्थानीय सरकारले सहजै स्विकार गर्ने गरिएका उदारण र परम्परा देख्न, सुन्न पाइन्थ्यो । तर अहिले भने संघले यो अन्योन्याश्रित सम्बन्धलाई कायम गर्न सकेको देखिदैन । यो सम्वन्धलाई पुनस्थापित गर्न भने जरुरी छ । विकासमा निजि क्षेत्रको भूमिका अहम र गहन हुने हुन्छ । यसैले पाल्पाको सामाजिक आर्थिक क्षेत्रमा गतिशिल पाल्पा बनाउन उवासंघ पाल्पाले ठूलो योगदान गर्न सक्छ । यस पक्षको नेतृत्व गर्दै उवासंघ पाल्पाले तत्काल निम्न कदम चाल्नु पर्ने आवश्यकता देखिन्छ ।

**आवश्यक पहल र कदम :**

१) संघको नितीगत र अवधारणागत परिभाषा स्पष्ट र दुरगामी बनाउनुका साथै स्थानीय विकास अवधारणा, संस्थागत पहुँच र वजनको इतिहासको आन्तरिक समिक्षा गरी आवश्यक कदम चाल्ने ।

२) पाल्पाको वर्तमान सामाजिक आर्थिक र विकासका अवस्थाको समिक्षा गर्ने र तथ्यहरुको अभिलेखीकरण गरी समय समयमा सार्वजनिक गर्ने ।

३) संघको हिजोको व्यापार व्यवसाय विकास र स्थानीय सामाजिक आर्थिक क्षेत्रमा निर्वाह गरेको भूमिका, योगदान र हालको अवस्था बारे समिक्षा गर्ने ।

४) जिल्लामा उद्यम विकासका अवसरको पहिचान गर्ने, व्यापारको प्रकृति एवं प्रवृतिको अवस्था मूल्याकंन, आन्तरिक उत्पादन र व्यापारको अवस्था एवं पालिकाहरुको विकास अवधारणाको अध्ययन र समिक्षा गरी जिल्ला विकास रणनीति तय गर्ने ।

५) पाल्पा र विशेषगरी तानसेन नगरपालिकालाई केन्द्रमा राखेर क्षेत्रगतरुपमा विद्यागत सम्भावनाको अध्ययन गर्ने र पाल्पाका सम्भावनाको पहिचान गरी सम्भावित कार्यक्रम तय गरी समन्वयात्मक भूमिका निर्वाह गर्ने ।

६) विभिन्न सम्भावित आवश्यकताका आधारमा नविन परियोजना प्रस्ताव निर्माण र लगानीका सम्भावित क्षेत्रहरुसँग समन्वय र लगानी परिचालनको सम्भावना खोजी गर्ने ।

७) गतिशिल पाल्पा (Vibrant Palpa) को नारा तयगरी पाल्पाको अर्थतन्त्र चलायमान गराउन, लगानी अभिवृद्धि गर्न, उत्पादन बढाउन र बजार प्रवर्द्धन गर्न, व्यापार व्यवसायमा परिस्कृतपना ल्याउन, सम्पर्क समन्वय बढाउने र बजारमा आर्थिक क्रियाकलाप बढाउन नविन सम्भावित पहलका बारे छलफल गर्ने ।

८) सबै पालिकाहरुसँग सामाजिक आर्थिक रुपान्तरणमा पालिकाले अगाडि सारेका नीति तथा कार्यक्रममा उवासंघको भूमिका बारे छलफल चलाउने ।

९) हरेक पालिकाका लक्ष्यहरुको प्रभाव दीगो बनाउन र प्रवर्द्धनमा मद्धत गर्ने ।

१०) शिक्षा स्वास्थ्य, पर्यटन, प्रविधिको प्रयोग र विकास, उद्यम विकास, स्वरोजगार र रोजगार सिर्जना र हरेक वडामा हप्तामा कम्तीमा एक पटक र बजारमा दुईपटक हाट बजार व्यवस्था प्रारम्भ गर्ने र नजिकका बजार केन्द्र पोखरा र रुपन्देहीको बजारमा पहुँच सम्भावनामा सहकार्य र सहयोग गर्ने सहमतिका लागि पहल गर्ने ।

११) समय समयमा जिल्लामा लगानी सम्मेलन, पर्यटन प्रवर्द्धन सम्मेलन, नयाँ उद्यम र स्टार्टअप सम्मेलन, नविन अवधारणाको महोत्सव आयोजना गर्ने ।

१२) पाल्पामा रहेका विभिन्न बैंक वित्तिय संस्था, सहकारी र लगानीकर्ता लगायत अन्य सामाजिक संस्थाहरुसँग संस्थागत गहिरो र मित्रवत् सम्बन्ध र सहकार्य अगाडि बढाउने ।

उल्लेखित तातकालिक प्रयत्नका अतिरिक्त यस अघि संघका कार्यसमितिले अगाडि सारेका अवधारणागत विषयमा छलफल गर्ने र नियमिति अध्ययन र सुझावका लागि पहल गर्न वेग्ले समूह गठन गरी नियमिति छलफल गर्ने परिपाटी प्रारम्भ गर्न सकियो भने पाल्पाको सामाजिक आर्थिक रुपान्तरणका लागि सबै पक्षहरुको सहयोग र सहकार्यमा परिचालन गर्दै गतिशिल पाल्पा वा भाइब्रेन्ट पाल्पा लागि रचनात्मक एवं सिर्जनात्मक गतिविधिद्धारा जिल्लामा बढ्दो निराशा घटाई आशा र विश्वास जगाउन पाल्पा उवासंघले भूमिका निर्वाह गर्न सक्दछ । ***(लेखक पाल्पा सरोकार समाजका अध्यक्ष समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सुखदुःख बराबरी खालको समय छ। सामाजिक प्रतिष्ठा प्राप्त हुने देखिन्छ। | **तुला** : समाजसेवा जस्ता कार्यमा मन जाला । कपडाको लगानी राम्रै हुनेछ । |
| **वृष** : पारिवारिक सद्भाव बढ्नेछ । आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। | **वृश्चिक** : शुभकार्यको चर्चा चल्नेछ । साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । |
| **मिथुन** : साहित्यिक क्षेत्रमा रूचि बढ्नेछ। सहयोगी हातहरू अघि बढ्नेछन् । | **धनु** : दाम्पत्य जीवन सुखमय हुनेछ । बोलीले अरुको मन जित्न सकिनेछ । |
| **कर्कट** : मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । स्वादिष्ट भोजन पाइनेछ । | **मकर** : कुनै कुराले मनमा प्रसन्न छाउनेछ। पारिवारिक सहयोग मिल्नेछ। |
| **सिंह** : इच्छा पूर्ण हुनेछन् । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्न सक्छन् । | **कुम्भ** : शुभ समाचार सुन्न पाइनेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| **कन्या** : काममा ढिलासुस्ती हुनेछ । विचार गरेर निर्णय लिनु उचित होला । | **मीन** : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । अतिथिको आगमन हुनेछ । |

## शिक्षा

# प्राविधिक शिक्षामा अध्यापनको अनुभव !



**नवसुजित भण्डारी**

मैले आफ्नो स्नातकको अध्ययन पूरा गरेपछि २०७२ सालबाट अध्यापनको यात्रा सुरु गरेँ । डिप्लोमा र प्रि-डिप्लोमा स्तरमा सिभिल इन्जिनियरिङ पढाउनु एउटा जटिल तर रोमाञ्चक यात्रा रह्यो । अध्यापनको समयमा अवसर र चुनौती दुवैको सामना गर्न परेका अनुभव रह्यो ।

करिब एक दशकको प्रशिक्षण कार्यमा बुटवल क्षेत्रका धेरै शिक्षालयहरूमा अध्यापन गर्ने र केहीमा लामो समय व्यवस्थापकीय जिम्मेवारी सहित नेतृत्व तहमा रहेर समेत प्राविधिक शिक्षा क्षेत्रलाई हेर्न र बुझ्न पाएँ । निजी क्षेत्रका प्राविधिक शिक्षालय संस्था हुन् वा सामुदायिक विद्यालयमा चलेका प्राविधिक धारका राजनीति, सबै देख्ने र सिक्ने अवसर मिल्यो । तर आज म यहाँ प्राविधिक शिक्षा अन्तर्गत शिक्षण पेसामा मैले करिब एक दशक बिताउँदा देखेका चुनौती र अवसरको बारेमा चर्चा गर्ने छु ।

मजस्तै धेरै सिभिल इन्जिनियरहरूले अध्यापनलाई अस्थायी कामका रूपमा लिएका हुन्छन्, फिल्डको ठूलो परियोजनामा काम गर्न चाहने आकांक्षासहित । तर कक्षाकोठाको शिक्षणले यति धेरै चुनौती र अवसरहरू प्रदान गर्‍यो कि यो अनुभव धेरैका लागि खासै अस्थायी रहँदैन । धेरै इन्जिनियरहरूले अध्यापनमा आउनुको कारण सिधै शिक्षाको लागि गहिरो लगाव हुँदैन । बरु यो प्रायः अस्थायी कामका रूपमा सुरु हुन्छ । इन्जिनियरिङ फिल्डको ठूलो काम नपाएको समयमा 'अवस्थागत' विकल्पको रूपमा नेपालमा सिभिल इन्जिनियरिङका शिक्षकहरूले अक्सर अध्यापनलाई 'अस्थायी समाधान' का रूपमा लिने प्रचलन रह्यो । वास्तविक परियोजनामा संलग्न हुने मौका कुरिरहेका बेला काम नगरी बस्नुको सट्टा शिक्षा दिने काम रोज्नुपर्ने हुन्छ ।

यसले कतिपय शिक्षकहरूलाई पेसागत द्विविधामा राख्छ- के म इन्जिनियरको रूपमा पर्याप्त योगदान गरिरहेको छु कि केवल कक्षामा समय बिताइरहेको छु ? तर यो कामले अप्रत्याशित रूपमा गहिरो सन्तुष्टि दिन्छ । कक्षामा विद्यार्थीहरूलाई इन्जिनियरिङको आधारभूत ज्ञान दिने र तिनले वास्तविक परियोजनामा सफलतापूर्वक योगदान गर्न सक्ने अवस्थासम्म पुग्न देख्नु अत्यन्त गर्वको कुरा बन्छ । अध्यापन पेसा अस्थायी रूपमा सुरु भए पनि धेरै शिक्षकमाफ यो कामको महत्व विस्तार हुँदै जान्छ । अध्यापनलाई 'अस्थायी काम' ठान्नेहरूका लागि पनि शिक्षकको भूमिका एक गर्वको कुरा बन्छ । धेरै शिक्षकहरूले यस भूमिकालाई समाजमा प्रभाव पार्ने अवसरका रूपमा लिन थालेका छन् । खास गरी ग्रामीण क्षेत्र जहाँ आधारभूत पूर्वाधारहरू न्यून छन्, शिक्षकहरू केवल सैद्धान्तिक ज्ञान दिने मात्र होइन, भविष्यका इन्जिनियरहरू निर्माण गरिरहेका हुन्छन् ।

ग्रामीण क्षेत्रका विद्यार्थीहरूलाई स्थानीय आवश्यकतामा आधारित संरचनात्मक समाधान दिन सक्षम बनाउनु भनेको उनीहरूको समुदायको विकासमा प्रत्यक्ष योगदान दिनु हो । तर यो गर्वको अनुभूति र व्यावहारिकता सँगै चल्नुपर्छ । सिभिल इन्जिनियरिङको पेसामा ठूला निर्माणहरूमा प्रत्यक्ष संलग्न हुने चाहना कहिल्यै हराउँदैन । शिक्षकहरूले आफ्नो जिम्मेवारी पूरा गर्दै विद्यार्थीहरूलाई मार्गदर्शन गर्दा सधैँ यो द्विविधा भोग्नुपर्छ कि उनीहरूले बाहिर फिल्डमा आफूले चाहेको काम गर्न सकिरहेका छैनन् । मैले अध्यापन गरिरहेको दशकमा प्रविधिको तीव्र विकासले शिक्षणमा ठूलो रूपान्तरण ल्यायो ।

अनलाइन स्रोतहरू, युट्युब ट्युटोरियलहरूसँगै सबै डिजाइनको क्षेत्रमा आएका नयाँ-नयाँ डिजाइन सफ्टवेयरको प्रयोगमा विद्यार्थीलाई पोख्त बनाउन आफूलाई समेत निरन्तर तालिम र क्षमता अभिवृद्धि गर्न कक्षाकोठा बाहिरको आफूलाई नियमित अभ्यस्त बनाउनु अत्यन्त चुनौतीपूर्ण रह्यो । शिक्षकहरूले आफ्ना पाठ्यक्रममा यी नवीन प्रविधिहरू समावेश गर्न थाले जसले विद्यार्थीहरूलाई सिभिल इन्जिनियरिङमा आवश्यक सृटवेयरहरूको व्यावहारिक ज्ञान प्राप्त गर्न सक्षम बनायो । तर चुनौती भनेको यी प्रविधिहरूको समान पहुँच सुनिश्चित गर्नु थियो । धेरै ग्रामीण र आर्थिक रूपमा कमजोर क्षेत्रमा रहेका विद्यार्थीहरूमा भरपर्दो इन्टरनेट र उपकरणहरूको अभावले प्रविधिको पहुँचलाई सीमित बनायो । कोभिड-१९ महामारीले प्रविधिको महत्त्वलाई अझ प्रस्ट बनायो । लकडाउनको समयमा नेपालभरका शिक्षकहरू पहिलो पटक अनलाइन प्लेटफर्महरूमा आधारित शिक्षणमा गएका थिए । तर यसले डिजिटल विभाजनलाई उजागर गर्‍यो– कतिपय विद्यार्थीहरूले यस नयाँ विधासँग अनुकूलन गर्न सके भने धेरैले संघर्ष गरे । प्राविधिक विषयहरू जस्तै- सिभिल इन्जिनियरिङ जहाँ भौतिक प्रदर्शन र व्यावहारिक तालिम आवश्यक हुन्छ, अनलाइन शिक्षामा थप चुनौतीपूर्ण बन्न पुग्यो ।

नेपालका धेरै प्राविधिक संस्थाहरूमा अध्यापन गर्दा सीमित स्रोत-साधनले शिक्षकहरूलाई ठूलो चुनौती दिन्छ । पर्याप्त प्रयोगशाला उपकरण, सफ्टवेयर र सामग्रीको अभावमा धेरै शिक्षण संस्थानहरूमा विद्यार्थीहरूले व्यावहारिक सीपहरू सिक्न सक्दैनन् । शिक्षकहरूले सैद्धान्तिक शिक्षा प्रदान गरे पनि विद्यार्थीहरूलाई वास्तविक जीवनको परियोजनामा उतार्न सकेका छैनन् भन्नेमा निराश महसुस गर्छन् । सिभिल इन्जिनियरहरूका रूपमा व्यावहारिक अनुभव महत्त्वपूर्ण भएकाले सीमित स्रोतहरूले यो भूमिका निकै चुनौतीपूर्ण बन्छ ।

अध्यापन धेरैका लागि अस्थायी कामका रूपमा सुरु भए पनि समयसँगै यसले लामो यात्रा तय गर्छ । शिक्षकहरूले आफ्नो विद्यार्थीहरूलाई व्यावसायिक रूपमा सफल भएको देख्न पाउँदा ठूलो सन्तुष्टि महसुस गर्छन् । विशेष गरी ग्रामीण क्षेत्रमा विद्यार्थीहरूलाई शिक्षण गर्दा उनीहरू आफैँले निर्माण गरेका संरचनामा योगदान गर्दै गरेको देख्दा गर्व लाग्छ । शिक्षणले सिभिल इन्जिनियरहरूलाई केवल संरचना निर्माणमा मात्र नभई समाजको आधारभूत विकासमा भूमिका खेल्ने अवसर दिन्छ ।

२०७२ देखि २०८१ सम्म नेपालमा सिभिल इन्जिनियरिङ पढाउनु चुनौतीपूर्ण भए पनि धेरै सन्तोषजनक अनुभव रह्यो । शिक्षणले सोच परिवर्तन गरिदियो र अस्थायी रूपमा सुरु भएको यात्रा जीवनभरको प्रतिबद्धतामा परिणत हुन पुग्यो । सीमित स्रोत साधन र शिक्षा प्रणालीको अवरोध हुँदाहुँदै पनि शिक्षकहरूले आफूले सिकाएका विद्यार्थीहरूलाई समाजका सफल प्राविधिक बनेको देख्न पाउँदा गर्व महसुस गर्छन् । अध्यापनले इन्जिनियरहरूको जीवनलाई नयाँ अर्थ दिएको छ । निर्माण स्थलमा ठूला संरचना निर्माण गर्नु मात्रै महत्त्वपूर्ण होइन, ज्ञानको बीजारोपण गरेर भावी प्राविधिक तथा इन्जिनियरहरू तयार पार्नुले दीर्घकालीन प्रभाव तथा आत्मसन्तुष्टि दिने रहेछ ।

*-सेतोपाटी डटकम*

# शिक्षकलाई मासिक तलब 'आकाशको फल'जस्तै



'शिक्षकलाई मासिक तलब दिने व्यवस्था मिलाउन म स्थानीय सरकारलाई अनुरोध गर्दछु,' शिक्षामन्त्री विद्या भट्टराईले राष्ट्रिय शिक्षा दिवसको अवसरमा गरेको अनुरोध हो यो । असोज २ गते शिक्षा मन्त्रालयले आयोजना गरेको कार्यक्रममा मन्त्री भट्टराईले शिक्षकलाई मासिक रूपमा तलब दिन स्थानीय सरकारसमक्ष अनुरोध गरेकी थिइन् ।

त्यसअघि २०८० जेठ ५ र २०८१ जेठ २ गते सार्वजनिक गरिएको सरकारको नीति तथा कार्यक्रममा समेत 'शिक्षकलाई मासिक तलब दिने व्यवस्था मिलाइनेछ, भनिएको थियो । तर, शिक्षकहरूले अहिलेसम्म पनि मासिक रूपमा तलब पाउन सकेका छैनन् । देशभरका ७५३ वटा स्थानीय तहमध्ये केहीले मात्रै शिक्षकलाई मासिक रूपमा तलब भुक्तानी गर्दै आएका छन् । अधिकांश पालिकाले शिक्षकहरूलाई मासिक रूपमा तलब खुवाउन सकेका छैनन् । अहिले विद्यालय तहको शिक्षाको अधिकार स्थानीय तहमा छ । त्यसआधारमा स्थानीय तहले नै शिक्षकलाई तलब दिनुपर्ने हुन्छ । त्यसका लागि आवश्यक पर्ने वित्तीय आधारमा भने संघ सरकारकै हुन्छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले उक्त वित्तीय हस्तान्तरण भइसकेकाले नियमित तलब खुवाउने दायित्व स्थानीय सरकारकै हुने प्रस्ट पारेको छ । शिक्षकहरूले नियमित तलब पाउन नसकेको गुनासो आएपछि शिक्षामन्त्री भट्टराईले सार्वजनिक रूपमै आह्वान गरेकी हुन् । शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक दिपक काफ्लेले अहिले यो व्यवस्थापनको समस्या देखिएको बताए । 'मासिक रूपमा तलब दिन बजेटको हिसाबले समस्या छैन । स्कुलबाट माग फारम समयमै आउनुपर्ने, पालिकाबाट समयमै निकासा हुनुपर्ने, बाँड्नुपर्ने हुन्छ,' शर्माले भने, 'कतिपय पालिकाले गरिरहेका छन् । यसमा कुनै समस्या छैन । तर, नभएको ठाउँमा समस्या भएको हो ।' स्थानीय तहमा पहिला जस्तो बजेट नजाने, फुकुवा नहुनेजस्ता समस्या नरहेको शर्माको भनाइ छ ।

'हाजिरी प्रमाणित गरेर स्कुलले समयमै पठाउनुपर्‍यो । कतिपय स्थानीय तहले अधिवेशन गरेका छैनन् । कतिपयमा विविध समस्या छन्,' शर्माले भने, 'केन्द्रको कारण रोकिएको हो भने त ७५३ वटै पालिकामा रोकिनुपर्ने हो । कतिपयले पालिकाले मासिक रूपमा दिइरहेका छन् ।' कतिपय पालिकाले शिक्षकको खातामै मासिक तलब पठाउँदै आएका छन् । कतिपयले विद्यालयको खातामा पठाउने र सोही आधारमा विद्यालयले शिक्षकहरूलाई मासिक रूपमै तलब खुवाउँदै आएका छन् । सिद्धान्ततः मासिक रूपमा तलब दिन नमिल्ने विषय नभएको तर, व्यवस्थापनमा अलि अलमल भएको शर्माको भनाइ छ ।

कञ्चनपुरको भीमदत्त नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयका शिक्षकहरूको २०७९ पुस १३ गते बसेको बैठकले तलब निकासाका लागि दबाव दिने निर्णय गरेको थियो । तीन महिनासम्मको तलब निकासा नगरेको भन्दै शिक्षकहरूले तलब निकासा गर्न अनुरोध गरेका थिए । तर, त्यो समस्या अहिले पनि यथावत नै छ । भीमदत्त नगरपालिकाले मासिक रूपमा तलब खुवाउन सकेको छैन् । यो आर्थिक वर्षमा भने नगरपालिकाले शिक्षकहरूको बैंक खाता मागेको छ । विद्यालयले पठाएको हाजिरीका आधारमा नगरपालिकाले मासिक रूपमै तलब भुक्तान गर्ने तयारी गरेको हो । भीमदत्त नगरपालिकाभित्र मात्र नभएर धेरै पालिकाले त्रैमासिक रूपमा शिक्षकहरूलाई तलब उपलब्ध गराउने गरेका छन् । मासिक तलब नपाउँदा आफ्नो दैनिक जनजीवन नै प्रभावित हुने गरेको शिक्षकहरूको भनाइ छ । संसारमा काम गरेको घण्टाको हिसाबले तलब पाउने तर, नेपालमा काम गरेको तलब पाउन तीन महिना कुनुपर्ने शिक्षकहरूको गुनासो छ । सरकारले निजामती कर्मचारी, सुरक्षा निकाय, स्वास्थ्य क्षेत्र लगायतका अन्य निकायका कर्मचारीलाई भने महिना महिनामा तलब खुवाउँछ ।

तर, शिक्षकहरूको हकमा भने पहिला पहिला ४/४ महिनामा र अचेल ३/३ महिनामा तलब दिने गरिएको छ । कतिपय पालिकाले भने संघबाट आउने तलब सोधभर्ना गर्ने गरी आफ्नै स्रोतबाट समेत मासिक रूपमा शिक्षकलाई तलब दिने गरेका छन् । शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत शिक्षकको दरबन्दी अनुसार देशभरका शिक्षा विकास तथा समन्वय इकाईले स्थानीय तहमा बजेट निकासा गर्छ । तर, मासिक रूपमा तलब निकासा गर्न सकेको छैन । पहिला-पहिला बजेट पास हुन ढिला हुँदा तलब खुवाउन पनि ढिला हुने गरेको थियो तर अहिले भने त्यस्तो समस्या नहुने केन्द्रका महानिर्देशक शर्माले बताए । पेसागत शिक्षक संघ संस्थाहरूले मासिक रूपमा तलब खुवाउन माग गर्दै आएका छन् । नेपाल शिक्षक महासंघले समेत सरकारसँग नियमित तलबको व्यवस्था गर्न माग गर्दै आएको छ । तर, सरकारले मागको बेवास्ता गर्दै आएको महासंघले जनाएको छ ।

*-रातोपाटी डटकम*

# बेलायतमा अध्ययन गर्न १३ नेपालीलाई छात्रवृत्ति



संयुक्त अधिराज्यको यहाँस्थित राजदूतावासले यस वर्ष बेलायतका विश्वविद्यालयहरूमा पूर्ण अनुदान प्राप्त स्नातकोत्तर तह अध्ययन गर्ने १३ नेपाली (६ पुरुष/सात महिला) लाई बिदाइ गरेको छ ।

बुधबार नेपालका लागि बेलायती राजदूत रोब फेनले यस वर्षको समूहलाई बिदाइ गर्ने र गत वर्षको समूहलाई पुनरागमन गर्ने कार्यक्रममा स्वागत गर्दै आफ्नो देशले यस्तो सहयोग गर्न पाउँदा गर्व महसुस भएको बताए । उनले भने, "पूर्ण छात्रवृत्ति प्राप्त विद्वानहरूले नेपालका उत्कृष्टमध्ये केहीलाई प्रतिनिधित्व गर्छन् र बेलायतले उनीहरूलाई महत्वपूर्ण सम्बन्धहरू निर्माण गर्न सहयोग गर्न पाउँदा गर्व छ । ब्रिटिस विश्वविद्यालयहरूमा आफ्नो समयदेखिको सीप, ज्ञान र मित्रताका साथ यहाँ परिवर्तन गर्दै आएका धेरै पूर्वविद्यार्थीहरू देख्न पाउनु पनि खुसीको कुरा हो ।" छात्रवृत्ति प्राप्तकर्ताहरूले अन्तर्राष्ट्रिय मानव अधिकार कानुनदेखि लिएर उड्डयन डिजिटल प्रविधि, विश्वव्यापी स्वास्थ्य नीतिदेखि बालबालिका युवा र अन्तर्राष्ट्रिय विकाससम्मका विभिन्न विषयहरू अध्ययन गर्नेछन् ।

नेपालमा सन् १९८३ मा उक्त चेभेनिङ छात्रवृत्ति कार्यक्रम ज्ञानेन्द्रधर प्रधानाङ्ग (म्यानचेस्टर विश्वविद्यालय) र रामकृष्ण प्रसाईं (रिडिङ विश्वविद्यालय) का साथमा सुरु भएको थियो । यस वर्षसहित कुल २६२ नेपालीले अहिलेसम्म प्रतिष्ठित छात्रवृत्ति प्राप्त गरिसकेका छन् । पूर्वविद्यार्थीहरूले नेपालमा राजनीतिदेखि व्यापार, शिक्षादेखि कूटनीतिलगायत विभिन्न क्षेत्रमा सेवा गरिरहेका छन् । बेलायती विदेश सचिवको आधिकारिक निवासका नाममा राखिएको यस छात्रवृत्तिमार्फत विश्वभरका ५० हजारभन्दा बढी व्यक्तिहरूले बेलायतमा अध्ययन गरेका छन् ।

*-हिमालय टाइम्स डटकम*

# एचआईभी रोकथाम कार्यक्रम : समन्वय र समीक्षा



**पाल्पा,** असोज १३/एचआईभी रोकथाम कार्यक्रमको जिल्लास्तरीय सरोकारवालाहरुसँग समन्वय तथा समीक्षा गरिएको छ । जिल्ला स्वास्थ्य कार्यालय पाल्पाको आयोजना र राष्ट्रिय ग्रामीण तथा सामुदायिक विकास केन्द्र (नार्डेक) नेपाल फिल्ड अफिस पाल्पाको समन्वयमा आइतबार तानसेनमा कार्यक्रमको समन्वय तथा समीक्षा गरिएको हो ।

नार्डेकले ग्लोबल फण्ड अन्तर्गत सेभ द चिल्ड्रेनसँगको साझेदारीमा पाल्पामा सञ्चालन गरेको प्रवासी र तिनका दम्पतीहरुको लागि लक्षित गरी एचआईभी/टिभी रोकथाम कार्यक्रमको सरोकारवालाहरुसँग बसेर गर्न सकिने समन्वय र हालसम्म गर्दै आएका गतिविधिहरुको उपलब्धीका विषयमा समीक्षा गरेको हो । कार्यक्रममा नार्डेक नेपालकी कार्यक्रम अधिकृत दीपा पाण्डेले संस्थाको परिचय, १ जनवरीदेखि ३१ जुलाई २०२४ सम्ममा गरेका गतिविधि, उपलब्धी, चुनौती र आगामी दिनमा लिएका लक्ष्यका विषयमा जानकारी गराउँदै सतप्रशित उपलब्धी हासिल गरेको बताईन् । अधिकृत पाण्डेले सो अवधिमा ४ हजार ४ सय १० जना आप्रवासी तथा उनीहरुको दम्पतीमा व्यवहार परिवर्तनका लागि शिक्षा तथा भेटघाट गर्ने लक्ष्य राखेकोमा ५ हजार ६ सय ४९ जना अर्थात् १२८ प्रतिशतमा गरिएको, ५ हजार ५ सय ५७ को एचआईभी परीक्षण गर्नुपर्ने लक्ष्य राखेकोमा ६ हजार ७ सय ६२ अर्थात् १०४ प्रतिशतमा गरिएको,४ जना नयाँ संक्रमित पत्ता लगाउने र एआरटी उपचारमा संलग्न गराउनु पर्नेमा १ जना अर्थात् १७ प्रतिशत उपलब्धी हासिल गरिएको बताईन् । यस्तै ५ हजार ५ सय ५७ जानाको क्षयरोग स्क्रिनिङ्ग गर्नुपर्नेमा ५ हजार ८ सय ९९ जना अर्थात् १०६ प्रतिशतमा गर्न सफल भएको, २७ हजार ७ सय ८३ वटा कण्डम वितरण गर्नुपर्नेमा २८ हजार ६ सय ५५ वटा वितरण गरिएको, स्थानीय सरकार, स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी जोखिम क्षेत्र निर्धारण गरिएको, घुम्ती एचआइभी परीक्षण शिविर सञ्चालन गरिएको, १ सय ८४ प्रवासीहरुलाई सुरक्षित यात्रा किट वितरण गरिएको पनि उनले जानकारी गराईन् । कार्यक्रममा सहयोग तथा हेरचाहमा प्रतिवद्धा समूहकी प्रमुख अस्मिता भण्डारीले आफ्नो संस्थाले गरेका गतिविधिका बारेमा उल्लेख गरेकी थिइन् । उनले सामुदायिक स्याहार केन्द्र, समुदायमा आधारित हेरचाह तथा स्याहार कार्यक्रम, १८ वर्ष मुनिका एचआइभी संक्रमित बालबालिकाहरुका लागि सामाजिक सुरक्षा अनुदान भत्ता कार्यक्रम, भेदभाव र लाञ्छनासहित समुदाय जस्ता कार्यक्रमहरु गर्दै आइएको बताइन् । प्रमुख भण्डारीले पाल्पामा ३ सय ५० जना एचआइभी संक्रमित रहेको समेत बताईन् । उनले १८ वर्ष मुनिका १७ जना एचआइभी संक्रमित बालबालिका रहेको पनि जानकारी गराइन् । यस्तै किट्स पाल्पाका जिल्ला संयोजक बाबुराम विश्वकर्माले ७ सय ३६ जना क्षयरोगका विरामी पत्ता लगाउने लक्ष्य भए पनि ४ सय १५ जना विरामी पत्ता लगाएको बताए । जसमा ३ सय ६४ जना विरामीले मात्र नियमित औषधि सेवन गर्दै आएको उनको भनाई छ ।

कार्यक्रममा मिसन अस्पतालका एआरटी प्रमुख सागर पौड्याल र लुम्बिनी मेडिकल कलेजका ल्याव इन्चार्ज रविन्द्र शर्मा लगायतले एचआइभी र क्षयरोगका क्षेत्रमा आफुहरुले गरेका उपलब्धिका विषयमा जानकारी गराएका थिए । कार्यक्रममा एचआईभी एड्स रोकथाम तथा सहयोग र हेरचाह कार्यक्रमअन्तर्गत प्रवासी कामदार र तिनका परिवार बीचमा सुरक्षित यौन व्यवहारलाई प्रोत्साहन गर्ने र यौन रोग तथा एचआईभी एड्स नियन्त्रण गर्ने उद्देश्यले नार्डेकले सञ्चालन गरेको कार्यक्रम प्रभावकारी रहेको सहभागीहरुले बताएका छन् । कार्यक्रममा जिल्ला समन्वय समिति पाल्पाकी उपप्रमुख काशिका ज्ञवाली गैरेले चुनौतिका रुपमा रहेको एचआईभी एड्स रोकथामका लागि संस्थाबाट भएका प्रयासहरु महत्वपूर्ण रहेको बताइन् । उनले भनिन् 'सचेतना र जानकारीको अभावका कारण संक्रमण फैलिन सक्ने हुन्छ, त्यसका लागि नार्डेकले केही हदसम्म भए पनि रोक्नको लागि गरेका प्रयासहरु उपलब्धीमूलक नै छन् ।' गैरेले स्थानीय तहहरुसँगको समन्वयमा समाजमा सचेतनाका कार्यक्रमहरुलाई थप प्रभावकारीताका साथ अगाडि बढाउनुपर्ने बताईन् । स्वास्थ्य कार्यालयका निमित्त प्रमुख टुक प्रसाद पोखरेलले एचआईभी संक्रमणको औषधि र उपचार नि:शूल्क भए पनि जानकारी नहुँदा र समाजमा अपहेलित हुने डरका कारण संक्रमितहरु खुलेर आउन नसकेको अवस्थामा नार्डेक जस्ता संस्थाहरुले चालेका प्रयासहरुका कारण केही सहज भएको बताए । स्वास्थ्य कार्यालयका एचआईभी/टिभी सम्पर्क व्यक्ति विश्वनाथ न्यौपानेले जिल्लाका स्थानीय सरकारहरुसँग समन्वय गरेर काम गर्न आग्रह गरे । क्षयरोग निवारणसँग पाल्पाकी सभापति शोभा शाक्यले क्षयरोग निवारणका लागि आफुहरु सरकारी तथा गैरसरकारी निकायहरुसँग सहकार्य गरेर अगाडि बढ्ने बताईन् । नार्डेक नेपालका उपाध्यक्ष गुणानिधि शर्माले कार्यक्रममा सहभागीहरुलाई धन्यवाद दिँदै एचआइभी संक्रमण र क्षयरोग नियन्त्रणका लागि जाँचसँगै जागरण अभियानमा आफुहरु सक्रिय भएर लागेको बताए । स्वास्थ्य कार्यालयका निमित्त प्रमुख टुक प्रसाद पोखरेलको अध्यक्षता, एचआईभी/टिभी सम्पर्क व्यक्ति विश्वनाथ न्यौपानेको स्वागत, नार्डेकका अनुगमन तथा मूल्याङ्कन अधिकृत रामबहादुर कुंवरको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

### नेपाल क्यानडासँग पराजित



**काठमाडौं,** असोज १३/त्रिदेशीय टी-२० क्रिकेट शङ्खलाको पहिलो खेलमा नेपाल क्यानडासँग १४ रनले पराजित भएको छ । एक सय २४ रनको लक्ष्य पाएको नेपालले १९ ओभरमा सबै विकेट गुमाएर एक सय नौ रन मात्रै बनायो । नेपालका कप्तान रोहितकुमार पौडेलले ३९ बलमा दुई चौका र दुई छक्कासहित ३७ रन बनाए । यस्तै कुशल मल्लले १२, देव खनालले ११ तथा सन्दीप लामिछानेले १० रन जोडे । क्यानडाका कलिम सानाले चार विकेट लिए । त्यसअघि क्यानडाको किङ्ग सिटीमा टस हारेर पहिला ब्याटिङ गरेको क्यानडाले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर एक सय २३ रन बनाएको थियो । क्यानडाका साद बिन जाफरले सर्वाधिक २३ रन बनाए । नेपालका सन्दीप लामिछाने र सोमपाल कामीले तीन-तीन तथा दीपेन्द्रसिंह ऐरी र रिजन ढकालले एक-एक विकेट लिए ।

## अर्थ/कर्पोरेट समाचार

### राष्ट्र बैंकले सफा र सुकिलो नोट साट्न थाल्यो



**पाल्पा,** असोज १३/नेपाल राष्ट्र बैंकले दसैँलाई लक्षित गरी सर्वसाधारणका लागि आइतबारदेखि सफा र सुकिलो बैंक नोट सटही सुविधा दिन थालेको छ । राष्ट्र बैंकको केन्द्रीय तथा प्रादेशिक कार्यालय र सबै बैंक तथा वित्तीय संस्थाका शाखाबाट नोट साट्न थालिएको हो ।

राष्ट्र बैंकका अनुसार सर्वसाधारणले आफ्नो खाता रहेको बैंक वा पायक पर्ने नजिकको जुनकुनै बैंक तथा वित्तीय संस्थामा गएर सुकिलो नोट साट्न सक्ने छन् । एकजना व्यक्तिले पाँच, दश, बीस, पचास र एक सय दरका नोटसहितको १८ हजार पाँच सयसम्म साट्न पाउने छन् । राष्ट्र बैंकले विगतका वर्षका एकपटक पनि प्रयोगमा नआएका नयाँ नोटको सटही दिने गरेकोमा यसपटक भने प्रयोगमा आइसकेका सुकिलो र सफा नोट साट्न सकिने जनाएको छ । दसैँ अगाडि सटही गरिएका नोट चाडबाड सकिएपछि बैंक तथा वित्तीय संस्थामा फिर्ता आउने र त्यसपछि ती नोटको माग ज्यादै न्यून हुने भएकाले ढुकुटीमा लामो समय थन्क्याएरै राख्नुपर्ने अवस्था रहेको राष्ट्र बैंकले जनाएको छ । नेपाली नोटको कागज 'कटन बेस्ड' हुने र लामो समय प्रयोगबिहीन भइ ढुकुटीमै भण्डारण हुँदा ती नोटमा चिसो, ओस तथा अपर्याप्त हावा र प्रकाशका कारण ढुसी आउने गर्दछ । यस्तो हुँदा नोटको आयु समेत घट्दै जाँदा पुन:प्रयोग गर्न योग्य नहुने अवस्था समेत आउनसक्ने बैंकको भनाइ छ ।

देशभर नोटको आपूर्ति गर्ने र पुराना तथा मैला नोटलाई खिचेर प्रतिस्थापन गर्दै जाने कार्य नेपाल राष्ट्र बैंकअन्तर्गतको मुद्रा व्यवस्थापन विभागबाट हुँदै आएको छ । मुलुकभर सफा नोट प्रचलनमा ल्याउने उद्देश्यले राष्ट्र बैंकले आर्थिक वर्ष २०६७/६८ को मौद्रिक नीतिमार्फत 'सफा नोट नीति' ल्याएको थियो । सोही अनसार अहिले नोट साटही गरिएको हो ।


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१



## शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८१/०६/१३**

तानसेन नगरपालिका नगर कार्यपालिकाको मिति २०८१/०६/१३ को अनुमति अनुसार नेपाल सकारको आ.व. २०८१/०८२ को ससर्त अनुदान बाट तलब भुक्तान गर्ने गरी यस श्री गार्गी माध्यमिक विद्यालय तानसेन नगरपालिका ११ बन्दीपोखरा, पाल्पामा रिक्त मा.वि. संघीय अनुदान शिक्षक पदपुर्तिका लागि दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**

**विज्ञान नं. :** ०१/०८१/०८२, **पद :** शिक्षक, **तह :** मा.वि.
**विषय :** अंग्रेजी, **पद संख्या :** १ जना

**विज्ञान नं. :** ०२/०८१/०८२, **पद :** शिक्षक, **तह :** मा.वि.,
**विषय :** गणित, **पद संख्या :** १ जना

**शैक्षिक योग्यता :** सम्बन्धित विषयमा स्नातक तह पुरा गरेको
**उमेर :** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
**दरखास्त दस्तुर :** रु १०००/- (यस विद्यालयको रा.वा. बैंक पाल्पा शाखा च.हि.नं. ३०३०१००००२९१९००१(GARGI MA.VI. 3030100002919001)
**तलब स्केल :** नेपाल सरकारको प्रचलित नियम अनुसार
**आवश्यक कागजात :** (क) उम्मेदवारको सम्पर्क नं. तथा इमेल ठेगानासहितको हस्तलिखित निवेदन, नेपाली नागरिकताको प्रमाणपत्र, सम्पुर्ण शैक्षिक योग्यताको प्रमाणपत्र, स्थायी अध्यापन अनुमति पत्र, दरखास्त रकम जम्मा गरेको सक्कल भौचर र फोटो scan गरी विद्यालयको email ठेगाना gargimavi2033@gmail.com मा to गरी विद्यालय सहायक कर्मचारीको email ठेगाना thadaraisudhan326@gmail.com मा cc गर्नुहुन ।
(ख) ९८४७४६६५२७ मा सम्पर्क गरी दरखास्त पेश गरेको सुनिश्चित गर्नुहुन ।
(ग) उल्लेखित कागजात परीक्षा मिति अगावै पेश गर्नुहुन ।
**दरखास्त दिनुपर्ने अन्तिम मिति:** २०८१/०६/२८ गते
**परीक्षा र सम्पर्क मिति :** पछि प्रकाशन गरी उम्मेदवारको सम्पर्क नं वा इमेल ठेगानामा सूचित गरिने ।
**परीक्षाको किसिम :** लिखित, अन्तरवार्ता र आवश्यक परेमा प्रयोगात्मक
**सम्पर्क नं: प्र.अ.** ९८४७४१८४९२, **अध्यक्ष** ९८५७०६२१५३, **विद्यालय सहायक** ९८४७४६६५२७

**श्री गार्गी माध्यमिक विद्यालय**
**तानसेन नगरपालिका-११, बन्दीपोखरा, पाल्पा**


# मृतकको संख्या...

...सुरक्षाकर्मी र स्थानीय समुदायको सक्रियतामा पश्चिम नवलपरासी, पाल्पा, रुपन्देही, गुल्मी र रोल्पाका बाढी तथा पहिरो प्रभावितलाई सुरक्षित स्थानमा सारिएको हो । प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले विपद् प्रतिकार्य योजनालाई प्रभावकारी कार्यान्वयन गर्न तीनवटै सुरक्षा निकाय, रेडक्रस, स्वयंसेवक तथा आमसर्वसाधारण नागरिकमा आह्वान गरेका छन् । नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेनालगायत समुदायका नागरिकबीचको सहकार्यले विपद् प्रतिकार्य योजना कार्यान्वयनमा सहजता आएको हो । प्रदेश सरकारको सहजीकरणमा सुरक्षा निकाय र स्थानीय सरकारले विपद् परेकालाई राहत, पुन:स्थापनाको काम पनि अघि बढाएका छन् । बाढी, पहिरोबाट प्रभावितलाई सुरक्षित स्थानमा सारिएको र पुन:स्थापनाको काम अघि बढेको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सूचना अधिकारी गङ्गाधर पाण्डेले जानकारी दिए । उनका अनुसार बाढी र पहिरोको उच्च जोखिममा रहेका स्थानीय सार्वजनिक भवन, छिमेकी तथा आफन्तको घरमा बसेका छन् ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई